# पाखीबास नगरपालिकाको बिषयगत क्षेत्रको बिकासमा अबलम्बन गर्ने नीति तथा कार्यक्रमहरु

## क) आर्थिक विकास सम्बन्धि नीति:

१. **एक पटक हैन, पाखीबास घुमौ पटक पटक** भन्ने मूल नारालाई स्थापित गर्ने नीतिलाई कार्यान्वयनमा ल्याईने छ । जसका लागि नगरमा रहेका धार्मीक एवम पर्यटकिय क्षेत्रहरू राम्चे डाडा, तिन तले ढुङ्गा, थाम डाडा, डिकुरे, गजथुम्बा डाडा, फावा झरना, अधेरी झरना, पन्चकन्या देबीथान, भुल्के सिमसार, इन्द्रेणी झरना, छायोलिङ्ग गुम्बा, पाखीबास कृषि फर्म, जौटार वनभोज स्थल, तिन दोभाने सामुदायिक वन, शिवालय मन्दिर, पाथीभरा मन्दिर, जालपादेबी देबीथान लगायतका धार्मिक तथा पर्यटकिय स्थलहरूको विकास, विस्तार, प्रचार प्रसार गरी आन्तरीक एवम् बाह्य पर्यटकको आकर्षण केन्द्रको रूपमा विकास गर्ने नीति अबलम्बन गरीनेछ । जसका लागि सार्वजनिक नीजि साक्षेदारीको अवधारणालाई अंगिकार गरिनेछ ।

२. नगरपालिका क्षेत्रको व्यवस्थित, दिर्घकालिन एबम वातावरणमैत्री दीगो विकासका लागि **भू-उपयोग गुरू योजना** तर्जुमा गरी आवास क्षेत्र, सार्वजनिक क्षेत्र, खुला एवम हरियाली क्षेत्र, सार्वजनिक पार्क, वन, कृषि एवम सुरक्षित क्षेत्रको पहिचान गरी एकीकृत नगर विकास योजनाले निर्देश गरे बमोजिमका व्यवस्थित नगर निमार्ण गर्ने नीति अबलम्बन गरीने छ ।

३. करका दरहरू उपर्युक्त विन्दुमा कायम गरी काराधारलाई फाराकिलो पार्दै आन्तरीक श्रोतलाई बढाउने नीति अवलम्बन गरीने छ । जसका लागि नगर भित्र करका दायरामा नसमेटिका क्षेत्रहरूलाई दायरामा ल्याउन र कर प्रणलीलाई चुस्त, दुरूस्त, छरितो, व्यवस्थित, स्वचालित र वैज्ञानिक बनाउने नीति अबलम्बन गरीनेछ ।

४. नगरपालिका भित्र कृषिको पकेट क्षेत्र तोकी व्यवसायिक कृषि खेतिलाई प्रोत्साहन गरीने छ । व्यवसायिक कृषि खेतिलाई प्रोत्साहन गर्न हरेक बर्ष उत्कृष्ट तीन कृषकहरूको पहिचान गरी सम्बन्धित पेशालाई प्रबर्द्धन हुने कृषि औजार प्रदान गरीनेछ ।

५. किसानहरूको लागि विउ, बिजन, मलखाद एबम अन्य कृषि सामाग्रीहरूको समय मै उपलब्ध हुने वातारावण मिलाउदै पशु वीमा र बाली विविधिकरण कार्यक्रम समेत संचालन गर्न आबश्यक पहल कदमी चालिने छ ।

६. प्रत्येक बर्ष नगर क्षेत्र भित्रका कृषकलाई प्रबर्द्धन हुने गरी कृषि महोत्सब आयोजना गरीनेछ ।

७. सहकारी सम्बन्धि ऐन तर्जुमा गरी छरिएर रहेको पुजीलाई गरिबी निवारणका क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ भने बचत तथा ॠणको कारोबार गर्ने सहकारीलाई करको दायरा भित्र ल्याइनेछ ।

८. नगर क्षेत्रमा भएका खेतियोग्य जमिनको उत्पादकत्वलाई बढोत्तरी गर्ने नीति अबलम्बन गरीने छ । जसका लागि भु उपयोग नीति बनाई कार्यान्वयमा ल्याईने छ । भू उपयोग नीति तयार नहुन्जेल सम्मका लागि नगरपालिकाका प्रत्येक वडामा वडा अध्यक्षको संयोजकत्वमा **कृषियोग्य भूमी पहिचान समिति** गठन गरी काबुबाहिरको परिस्थिति बाहेक १ बर्ष सम्म कुनै पनि व्यवसाय र कृषि प्रयोजन बिहिन अबस्थामा खेति योग्य जमिनलाई बाझो राख्ने जग्गाधनीलाई नगरपालिकाले तोकेको सम्पत्ति करमा थप २५ प्रतिशत

जरीवाना लिने नीति अवलम्बन गरीने छ । उल्लेखित शिर्षकबाट संकलित राजश्व रकमको ५० प्रतिशत रकम कृषि क्षेत्रको विकासका लागि सम्बन्धित वडालाई दिईने छ ।

९. कृषि कर्जा सरल बनाई सहुलियत ब्याजदरमा कृषि ऋणको व्यवस्था मिलाउन नगर क्षेत्र भित्र रहेका बैंक तथा बित्तिय संस्थाहरू संग आबश्यक पहल र समन्वय गरीने छ । बैदेशिक रोजगारबाट फर्किएका युवायुवतीहरूलाई क्षमता र प्रमाणपत्रका आधारमा रोजगारमूलक कृषि खेतिका लागि विशेष व्यवस्था मिलाईने छ । निजहरूलाई आबश्यकता अनुसार अनुदानको व्यवस्था मिलाईने छ ।

१०. नगर क्षेत्रमा भएका सार्वजनिक र सरकारी जग्गाहरूको लगत तयार गर्न चालू आब भित्रै समिति गठन गरी सार्वजनिक जग्गाहरूको पहिचान गरी लगत तयार गरीने छ ।

११. **"मैले तिरेको कर, फर्की आउछ मेरै गाउं घर"** भन्ने नारालाई स्थापित गर्ने नीति अवलम्बन गरीने छ । जसका लागि नागरीकहरूले नगरपालिकालाई तिर्नु र बुझाउनु पर्ने कर तथा राजश्व समय मै बुझाई सचेत र सभ्य नागरीक बन्न प्रोत्साहित गर्ने साथै १० हजार वा सो भन्दा बढि कर तिर्ने करदातालाई **बिशेष करदाता परिचय पत्र** दिई नगर सभामा पुरस्कृत गरीने छ । उल्लेखित करदाताहरूको प्रत्येक वडा कार्यालयहरूमा फोटो सहितको फ्लेक्स बनाई राख्ने व्यवस्था मिलाईने छ ।

१२. सबैभन्दा बढी कर तिर्ने नगरका ३ जना करदातालाई प्रत्येक नगरसभामा पुरस्कृत गरिने छ भने निजहरूको फोटो सहितको बिवरण बार्षिक नगर बिकास पुस्तिकामा प्रकाशन गरिनेछ ।

१३. परम्परा देखि चलि आएको दलित वर्गको सिपलाई आधुनिकीकरण गरी संचालन गर्न सम्बन्धित वर्ग उत्साहित भै आएमा विशेष सहयोग गर्ने नीति अवलम्बन गरीनेछ ।

१४. नगर क्षेत्रको पर्यटन गुरूयोजना तयार गरी लगानीका लागि सम्बद्ध क्षेत्रसग सहकार्य गरीने छ ।

१५. पर्यटनको मेरूदण्डको रूपमा रहेको होटल ब्यवसायलाई प्रबर्द्धन गर्दै नगरबासीयको आयआर्जनमा टेवा पुऱ्याउन होम स्टे पद्धतिको संभाब्यता अध्ययन गरीनेछ ।

१६. नगरको सुरक्षा र हाटबजार व्यवस्थापनका लागि नगर प्रहरीको व्यवस्थापन गर्ने नीति अबलम्बन गरीने छ ।

## ख) सामाजिक विकास नीतिः

१. असक्त, असहाय र गरीव परिवारका दुर्घटनामा परी अभिभावक गुमाएका, बेपत्ता तथा शहिद परिवारका बालबालिकाहरूलाई विद्यालय पठाउनका लागि पोशाक, खाजा र पाठ्य सामाग्रीको व्यवस्था मिलाउने नीति अवलम्वन गरीने छ । बालवालिकालाई विद्यालय नपठाउने व्यक्तिहरूलाई वडा कार्यालयको सिफारीसको आधारमा नगरपालिकाले प्रदान गर्ने सार्वजनिक सेवा (जस्तै सामाजिक सुरक्षा भत्ता र सबै प्रकारका सिफारीसहरू) बाट बन्चित गर्ने नीति कडाईका साथ कार्यान्वयन गरीने छ ।

२. सार्वजनिक विद्यालयहरूको स्तरबृद्धि गर्नका लागि पहिलो चरणमा नमूनाका रूपमा केही सरकारी विद्यालयमा आधारभुत तह देखी अग्रेजी माध्यमबाट पठन पाठन गर्ने व्यवस्था मिलाईने छ जसका लागि नगरपालिकाबाट प्रोत्साहन स्वरूप रकम उपलब्ध गराईने छ जुन रकम बिद्यालयले शैक्षिक गुणस्तर बृद्धिका लागि लगाउनु पर्नेछ ।

प्रमुख

३. दलित वालवालिकालाई दिईने भत्ता लिन आउदा निजका अविभावकहरूले विद्यालय जाने उमेर भएका आफ्ना अघिल्ला सन्तानहरू पठनपाठन गरीरहेको सिफारीस विद्यालयबाट ल्याउनु पर्नेछ भने विद्यालय जाने उमेर नभएका तर पूर्व प्राथमिक विद्यालयमा भर्ना हुने योग्यता पुगेका वालवालिकाहरू पायक पर्ने वालविकास केन्द्रमा भर्ना भएको हुनु पर्ने छ ।

४. सामुदायिक तथा संस्थागत विद्यालयहरू वीच अनुभव आदान प्रदान र अन्तरक्रियाका माध्यमबाट शिक्षण सिकाईको अनुभव आदान प्रदान गर्ने नीति अवलम्वन गरीने छ ।

५. नगरक्षेत्रमा सञ्चालित सबै सामुदायिक तथा संस्थागत विद्‌यालय, शिक्षक, विद्‌यार्थी समेतलाई आधार बनाएर **नगर शिक्षा प्रोफाईल** बनाउने कार्यको थालनी गरीने छ ।

६. सामुदायिक विद्यालयमा अध्यापन गराउने सबै शिक्षकहरूका सबै सन्तति सामुदायिक बिद्यालयमै मात्र अध्ययन गराएको प्रमाणित भएमा त्यस्तो विद्यालयलाई बार्षिक रू पचास हजार प्रदान गरिनेछ भने सामुदायिक बिद्यालयमा अध्यापनरत कुल शिक्षकको पचास प्रतिशत भन्दा बढी शिक्षकले आफ्ना सन्ततिलाई निजी बिद्यालयमा अध्ययन गराएको पाइएमा त्यस्ता प्रकारका बिद्यालयलाई नगरपालिकाबाट कुनै पनि प्रकारको अनुदान प्रदान नगर्ने नीति लागु गरिनेछ ।

७. बालमैत्री विद्‌यालय र बालमैत्री शिक्षण सिकाई पद्धतिको विकासको लागि सम्बन्धित विद्‌यालयहरूलाई सहयोग गर्ने नीति अवलम्बन गरीएको छ ।

८. **युवासंग मेयर** कार्यक्रम अन्तर्गत प्रत्येक वडाहरूको प्रतिनिधीत्व हुने गरी नगर स्तरीय मेयर कप फुटबल प्रतियोगिताको आयोजना गरीनेछ ।

९. नगरपालिका क्षेत्रको फोहोरलाई व्यवस्थित बनाउन सार्वजनिक नीजि साझेदारी (**PPP**) मा फोहोरमैला व्यवस्थापन गर्ने कार्यको थालनी गरीने छ । नगरपालिका क्षेत्रमा दैनिक रूपमा उत्सर्जन हुने फोहोरबाट उर्जा उत्पादन गर्ने कार्यका लागि बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र संग समन्यव गरी सम्भाव्यता अध्ययन गर्ने र नीजि लगानीकर्ताहरूलाई प्राथमिकता दिई उर्जा उत्पादन गर्ने नीति अबलम्बन गरीने छ ।

१०. पाखीबास स्वास्थ्य चौकीलाई सेवा विस्तार गरी १५ सैयाको अस्पतालको रूपमा बिकास गरीने छ ।

११. नगरवासीहरूको स्वास्थ्य वीमा अनिवार्य र प्रभावकारी रूपमा लागू गर्ने नीति अवलम्बन गरीने छ । जसका लागि प्रथम चरणमा गरीब घर परिवार पहिचान गरी सरोकारवालासगको छलफल, अन्तरक्रिया मार्फत आगामी आ.व. बाट नै नमूनाको रूपमा स्वास्थ्य वीमाको कार्य आरम्भ गरीने छ ।

१२. आगामी आ.व. भित्र यो नगरलाई पूर्ण खोप सुनिश्चित नगर बनाउने साथै बालमैत्री, वातावरण मैत्री, लैगिक मैत्री, अपांग मैत्री नगर निर्माण गर्न पहल गरिने छ ।

१३. जनस्वास्थ्य प्रवर्द्धन शाखाको सिफारीसमा सम्भाव्य स्वास्थ्य प्रकोपको क्षेत्र र रोग पहिचान गरी न्यूनीकरणका लागि औषधि एवम् जनशक्ति व्यवस्थापन गरीनेछ ।

१४. बाल बचाउ, बाल संरक्षण, बाल विकास र बालबालिकाको उनीहरूका लागि गरीने निर्णय प्रकृर्यामा अर्थपूर्ण सहभागीता गराउनका लागि नगरले विशेष पहल गर्ने छ ।

१५. बालक्लब गठन र सञ्चालनका लागि कार्यविधि बनाई वडा कार्यालय मार्फत बालक्लब गठन र सञ्चालन गरीने छ ।

प्रमुख

पाखीबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाखीबास, धनकुटा
२०७३

१६. एस.ई.ई परिक्षामा सबै भन्दा बढी अंक प्राप्त गर्ने सामुदायिक बिद्यालय र सस्थागत बिद्यालयबाट १/१ जना छात्र छात्रालाई सम्मान तथा पुरस्कृत गरीनेछ ।

१७. नगरलाई २०७७ साल भित्र बालमैत्री नगर घोषणा गर्नको निमित्त आवश्यक प्रक्रिया प्रारम्भ गरीनेछ ।

१८. लैंगीक हिंसा न्यूनीकरणका निमित्त कार्यक्रम संचालन गरीने छ भने सो कार्यका लागि वडा कार्यालयहरूलाई परिचालन गरीनेछ । बाल बिवाह, बहुविवाह, अनमेल विवाह जस्ता कुरीतिहरूलाई अन्त्य गर्नका लागि पहल गरीने छ ।

१९. **पाखीबासका महिला बिकासमा पहिला** भन्ने मुल नारा स्थापित गराउदै महिला सशक्तिकरणलाई जोड दिन आगामी आ.ब.मा प्रत्येक वडामा संचालन हुने उपभोक्ता समितिहरू मध्ये कम्तीमा एक वटा उपभोक्ता समिति महिलाको मात्र हुने ब्यस्वस्था गरिनेछ ।

२०. पछाडी परेका महिलाहरूको सशक्तिकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरीनेछ ।

२१. महिला स्वास्थ्य स्वयमसेवीकाको क्षमता विकास र प्रोत्साहनका लागि विशेष व्यवस्था गरीनेछ ।

२२. विद्ययालयमा भर्ना भएका किशोरीहरूको ड्रप आउट दरलाई न्यूनिकरण गर्न वडा मार्फत चेतना तथा सशक्तिकरणका कार्यक्रम सञ्चालन गरीनेछ ।

२३. महिलाले आफ्नो नाममा नगरपालिकामा प्रचलित कानुन बमोजिम दर्ता गर्ने उघोग, व्यापार, व्यवसायहरूको दर्तामा २० प्रतिशत र नविकरणमा २० प्रतिशत छुट दिईनेछ । तर बक्यौता तिर्नुपर्ने अवस्थामा उल्लेखित सुविधा प्रदान गरीने छैन ।

२४. **"सुसंस्कार हाम्रो पहिचान, जेष्ठ नागरीकलाई सम्मान"** भन्ने नीतिलाई अबलम्बन गरीने छ । जसका लागि जेष्ठ नागरीकहरूका लागि **उतरार्ध आरोग्य सेवा** प्रदान गर्न, सामाजिक सुरक्षा भत्ता बितरण सगै ८० वर्ष उमेर नाधेका जेष्ठ नागरिकहरूको बर्षमा घटीमा १ पटक निशुल्क स्वास्थ्य परिक्षण सेवा घर घरमा उपलब्ध गराईनेछ ।

२५. बैंकहरू मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्न प्रयत्न गरीने छ भने ८० वर्ष उमेर नाघेका जेष्ठ नागरिकहरूलाई घरघरमै जनप्रतिनिधिद्धारा बैंक मार्फत भत्ता पुर्याउने व्यवस्था गरीनेछ ।

२६. हरेक बर्ष अक्टोबर १ तारिख (जेष्ठ नागरीक दिवस) का दिन पाखीबास नगरपालिका क्षेत्रमा रहेका सबै भन्दा जेष्ठ महिला र पुरूषलाई **नगर माता र नगर पिताको** उपमाद्धारा सम्मान गरीने छ भने सम्बन्धित सरोकारवाला र वडा कार्यालयको सिफारीसमा जेष्ठ नागरिकलाई स्याहार सुसार गर्ने एक वडाबाट कम्तिमा एक जना सन्ततीलाई **श्रवण कुमार** पुरस्कार (जनही ५ हजार) द्धारा नगरले सम्मानित गर्ने छ ।

२७. जेष्ठ नागरिक परिचयपत्र वितरणका गरी राज्यले उपलब्ध गराएको सेवा सुबिधा प्राप्तिका लागि सहजिकरण गरीनेछ ।

२८. यस नगर भित्र निर्माण हुने जुनसुकै प्रकृतिका सार्वजनिक संरचना अपांगमैत्री बनाईने छ ।

२९. यस नगरभित्र अपांगता भएका नागरिकहरूको लगत तयार गरिने छ ।

३०. पूर्ण अपांगता र असक्त भएका नागरिकहरूलाई निजले पाउने सामाजिक सुरक्षा भत्ता जनप्रतिनिधिद्धारा बैंक मार्फत निजहरूकै घरमा पुर्याईने छ ।

प्रमुख

३१. अपांगता सम्बन्धि जुनसुकै सिफारीस निशुल्क रूपमा प्रदान गरीने छ ।

३२. नगरपालिकाबाट प्रवाह हुने सेवामा अपांगता तथा जेष्ठ नागरिकहरूलाई पहिलो प्राथमिकता दिईनेछ ।

३३. दलित तथा सिमान्तकृत समुदायको सशक्तिकरण र क्षमता विकासमा विशेष जोड दिईनेछ ।

३४. यस नगरक्षेत्र भित्र छुवाछुत, जातीय भेदभाव लाई उन्मूलन गर्ने गरी विशेष कार्यक्रमहरू तय गरी लागू गरीनेछ ।

३५. परम्परा देखि चलि आएको दलित वर्गको सिपलाई आधुनिकीकरण गरी संचालन गर्न सम्बन्धित वर्ग उत्साहित भै आएमा विशेष सहयोग गर्ने नीति अवलम्बन गरीनेछ ।

३६. आदिवासी जनजातीको परम्परा देखि चलि आएको ज्ञान, शिप, कला, संस्कृतिको संरक्षण र सम्बद्धन गरीनेछ ।

३७. आफ्नो मातृभाषामा शिक्षा दिन चाहने समुदायलाई नगरपालिकाले सहयोग गर्ने नीति अवलम्बन गरेको छ ।

३८. यस नगरलाई बालमैत्री नगरको रूपमा घोषणा गर्नको लागि कार्यक्रम बनाई कार्यान्वयन गरीने छ ।

३९. नेपाल सरकारले सञ्चालन गरेका विभिन्न खोप अभियानहरूलाई नगरपालिकाबाट सहयोग तथा समन्वय गर्ने नीति अवलम्बन गरीएको छ ।

४०. नगरका विभिन्न स्थानमा स्थानीय नागरिक र सार्वजनिक नीजि साझेदारीमा बाल उघान निर्माण गरीने छ । यस प्रकारका बाल उघान निर्माणमा नीजि तथा सामूदायिक विद्यालयको सहकार्यलाई प्राथमिकता दिईनेछ ।

४१. अल्पसंख्यक समूदायको हक हितको संरक्षण, सर्म्बघन गर्दै सम्बन्धित वर्गको भाषा, कला, साहित्य, धर्म लाई प्रवद्धन गर्ने नीति अवलम्बन गरीनेछ ।

४२. यौनीक तथा लैंगीक रूपमा अल्पसंख्यक समूदायको हक हितका संरक्षण र संरक्षणको लागि विशेष व्यवस्था गरीने छ ।

४३. विपन्न खस आर्य समुदायलाई मूलप्रवाहमा ल्याउनको निमित्त विशेष व्यवस्था गरीने छ ।

४४. **"सभ्यता हाम्रो परिचय, संस्कृती हाम्रो पहिचान समृद्ध समतामूलक वातावरण मैत्री नगर निमार्ण हाम्रो अभियान"** भन्ने नारालाई स्थापित गरी सबै भाषा धर्म संकृतिको संरक्षण सम्बर्द्धन र विकास गर्दै लैजाने नीति अवलम्बन गरीने छ । जसका लागि नगरपालिका क्षेत्र भित्र सबै जातजाति, धर्म संकृति र भाषाभाषिको पहिचान र संकृतिको संरक्षण, सम्बर्द्धन र प्रवर्दन गर्न प्रदेश तथा संघिय सरकार सग सहकार्य गरीने छ ।

४५. **महिलासंग उपमेयर** कार्यक्रम संचालन गरीनेछ जस अन्तर्गत महिलाको सिप तथा क्षमता बिकाको लागि कार्यक्रम बनाई कार्यान्वयन गरीनेछ ।

४६. प्रत्येक बर्ष पाखीबास साहित्य महोत्सव आयोजना गरीनेछ ।

प्रमुख

## ग) पूर्वाधार विकास नीति:

१. साविकककका सबै गाउ बिकास समितिहरूलाई समेटी नगर यातायात गुरू योजना तयार गरी सडकको क्षेत्राधिकार (**Right of Way**) कायम गरीने छ ।

२. नगरपालिका क्षेत्रमा संचालन हुने आयोजना र सो आयोजना संचालन गर्ने उपभोक्ता समिति/निर्माण व्यवसायीको सम्पूर्ण विवरण खुल्ने गरी आयोजना स्थल मै होडिङबोर्ड राख्ने नीतिलाई अझ प्रभावकारी ढंगबाट कार्यान्वयन गरीने छ ।

३. नगरस्तरीय आयोजनाहरूको प्रमुख लक्ष बाह्रै महिना वडा कार्यालय सम्म यातायात संचालन हुने गरी All Weather Road निर्माण तर्फ केन्द्रित रहनेछ ।

## घ) विपद तथा वातावरण व्यवस्थापन नीति:

१. विपद् पूर्व तयारी योजना निर्माण गरीने छ । नगर क्षेत्रमा हुने विपद, महामारी साथै संकटलाई व्यवस्थापन गर्न **नगर स्तरीय विपद व्यवस्थापन समिति/ वडा स्तरीय विपद् व्यवस्थापन समिति** खडा गरीने छ भने नगरपालिका स्तरमा विपद् व्यवस्थापन उपशाखाले व्यवस्थापन गर्ने गरी **स्थानीय आपतकालीन केन्द्र** सञ्चालन गरीने छ ।

२. आगलागि र डढेलो नियन्त्रणका लागि स्थानीय समूदाय र सामूदायिक वन व्यवस्थापन समितिलाई चेतनाअभिवृद्धि गराईने छ ।

३. यस नगरक्षेत्रमा निर्माण हुने जुनसुकै प्रकारका सार्वजनिक एवम् नीजि संरचना भुकम्प प्रतिरोधि हुने गरी मात्र बनाईने/बनाउन अनुमति दिईनेछ ।

४. २०७२ बैशाख १२ गतेको भुकम्पमा परी ध्वस्त भएका निजी आवास पुन निर्माण एवं प्रबलिकरणका लागि राष्टिय पुननिर्माण प्राधिकरणबाट प्राप्त हुने अनुदान निकासाका लागि सहजिकरण गरिनेछ ।

५. यस नगरलाई वातावरण मैत्री नगर निर्माणका लागि कृयाकलापहरू संचालन गरीने छ ।

६. पानीका मुहान, स्रोतलाई संरक्षण गरीनेछ ।

७. जलवायु अनुकुलन खेती प्रणालीको विकासका लागि प्राविधिक सहयोग र सहजिकरण गरीने छ ।

८. निर्माण सामाग्रि जस्तै गिट्टि, बालुवा, रड आदि सार्वजनिक आवागमन हुने सडकमा नराख्ने प्रबन्ध गर्ने नीति अंगिकार गरीने छ ।

९. कृषिबालिमा किटनासक औषधिको प्रयोगलाई नियन्त्रण र व्यवस्थापन गर्दै जैविक किटनाशक प्रविधिको विकासका लागि विशेष पहल गरीने छ ।

१०. नीजि वन लगाउनका निमित्त प्रोत्साहन गरीने छ ।

११. प्रांगारीक कृषि प्रणालीलाई प्रबर्द्धर्धन गर्ने नीति अवलम्बन गरीने छ ।

प्रमुख

## ङ) संस्थागत बिकास र जनशक्ति व्यवस्थापन सम्बन्धि नीति:

१. **मुस्कान सहितको सेवा, जनताको पेवा** भन्ने मूल नारालाई नगरका १० वटै वडा कार्यालयहरूमा थप प्रभावकारी बनाउदै नगरपालिकाको सार्वजनिक सेवा प्रभावहलाई सेवाग्राही मैत्री बनाउदै लगिने छ । जसका लागि नगरपालिकामा कार्यारत जनशक्तिको क्षमता विकास तालिम, अनुभव आदान प्रदानका लागि अवलोकन भ्रमण गराउने व्यवस्था मिलाईने छ ।

२. प्रत्येक आ.व.मा नगरपालिकाले कार्य सम्पादनका आधारमा उत्कृष्ट कर्मचारी छनौट गरी पुरस्कृत गर्ने छ जसका लागि प्रमुख प्रशासकिय अधिकृत, शाखा अधिकृत र लेखा अधिकृतको एक आन्तरिक मुल्यांकन समिति हुनेछ भने नगर कार्यपालिकाका सदस्यहरूको बाह्रय मुल्यांकन समिति हुनेछ । पुरस्कार स्वरूप रू बीस हजार प्रदान गरिनेछ भने नगरपालिकाबाट प्रकाशन हुने पुस्तकमा पुरस्कृत कर्मचारीको फोटो राखिनेछ ।

३. स्थानीय सरकार संचालन ऐन, २०७४ ले प्रबन्ध गरेबमोजिम अवकास कोषको कार्यान्वयन गरीनेछ भने कल्याणकोषको व्यवस्थालाई पनि जिवन्त राखिनेछ । कर्मचारी कल्याणकोषको संचालन कार्यपालिकाबाट स्वीकृत विनियामावली बमोजिम हुनेछ ।

४. यस नगरपालिका अर्न्तगत सामाजिक सुरक्षा भत्ता/वृत्ति पाउने नागरिकहरूको नाम दर्ता गर्ने, नविकरण गर्ने, लगत कट्टा गर्ने लगायतका कार्य क्रमश वडा कार्यालयबाटै हुने प्रबन्ध गरीने छ ।

## च) शुसासन र सदाचार सम्बन्धि नीति:

१. नगरका प्रत्येक गतिबिधीहरूलाई वेभसाइट मार्फत सार्बजनिक गरिनेछ ।

२. प्रत्येक महिनाको आम्दानी खर्च वेभसाइट मार्फत सार्बजनिक गरिनेछ ।

३. प्रत्येक चौमासिकमा आम्दानी खर्चलाई पत्रिका मार्फत सार्बजनिक गरिनेछ ।

४. सूचनाको हक सम्बन्धी ऐन कार्यान्वयन गरीनेछ ।

५. नगरपालिका तथा वडा कार्यालयमा गुनासो पेटिका र नागरिक वडापत्रको व्यवस्था अनिबार्य गरीनेछ ।

६. सार्वजनिक परिक्षण, सामाजिक परिक्षण र सार्बजनिक सुनुवाईलाई अनिबार्य गरिनेछ ।

७. गुनासो सुन्ने अधिकारीको व्यवस्था गरीनेछ । प्रत्येक महिनाको ७ गते कर्मचारी बैठकको आयोजना गरीनेछ ।

८. **पदाधिकारी तथा कर्मचारीहरूको आचार संहिता** तयार गरी कार्यान्वयनमा ल्याईने छ । जनप्रतिनिधि र नगरपालिकामा कार्यरत कर्मचारीहरूको सामूहिक दुर्घटना वीमा गर्ने व्यवस्था मिलाईने छ ।

९. नगरका हरेक गतिविधिलाई सार्वजनिक गरी जनमुखी, पारदर्शी, सेवाग्राही मैत्री बनाउदै जनताको मन, मुटु र मस्तिष्कमा बस्न सक्ने स्थानीय सरकार बनाउने नीति कार्यान्वयमा ल्याईने छ । प्रविधिमैत्री नगर निर्माण गर्ने अभियान संचालन गर्नका लागि नमुनाको रूपमा चालू आ.व.मा नगरपालिकामा **डिजिटल सूचना पाटी** निमार्ण र संचालन गरीने छ ।

प्रमुख

पाखीबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाखीबास, धनकुटा
२०७३

## छ) विविध नीतिहरू:

१ **"पाखीबासको दृष्टि पर्यटन र कृषि"** भन्ने मूल नारालाई स्थापित गराउनका लागि नगरको एकीकृत नगर विकास गुरूयोजना तयार गर्न नेपाल सरकारसग सहकार्य गरी आगामी आर्थिक बर्ष बाटै कार्य प्रारम्भ गरिने छ ।

२. सभ्य **नागरीकहरूको बसोवास भएको नगरको** पहिचान स्थापित गर्न नेपाल मै **बन्द निषेधित नगरको** घोषणाका लागि सम्बद्ध पक्षहरूसग सहकार्य गरीनेछ ।

३. नगरवासीका गुनासाहरू नगरप्रमुख संगै भन्ने सिद्धान्तलाई अबलम्बन गरीने छ । जसका लागि हरेक महिनाको १ दिन प्रत्येक वडालाई समय र मिति निर्धारण गरी नगर प्रमुख वडा कार्यालयमा गएर बस्ने र जनताका समस्या र गुनासहरू सुन्ने नीतिलाई कार्यान्वियनमा ल्याईने छ ।

४. नगर क्षेत्रमा कृयाशिल गैह्र सरकारी संस्थाहरूले नगर क्षेत्रमा कार्यक्रम तथा परियोजनाहरू संचालन गर्दा नेपाल सरकारको घोषित नीति बमोजिम नगरपालिका बाट स्वीकृति प्राप्त गरे पश्चात मात्र कार्यक्रम तथा परियोजना संचालन गर्न दिने नीतिलाई कडाईका साथ कार्यान्वयमा ल्याईने छ । उल्लेखित संस्थाहरूले संचालन गर्ने समान प्रकृतिका कार्यक्रम र परियोजनालाई नगरपालिकाको स्वीकृति लिई संयुक्त रूपमा संचालन गराउने नीति अबलम्बन गरीने छ ।

५. यस क्षेत्रको चौतर्फि बिकासको लागि प्रत्येक बर्ष पाखीबास INITIATIVE को आयोजना गरिनेछ जसका लागि यस नगर क्षेत्रबाट राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रमा बिभिन्न विधामा ख्याति आर्जन गरेका नागरिकहरूलाई आमन्त्रण गरी नगर बिकासको बारेमा छलफल गरीनेछ ।

प्रमुख

## निर्णयहरू

१. **राम्रो नगर हाम्रो पहिचान पर्यटकिय नगर पाखीबासको अभियान** भन्ने मूल नाराको साथमा राम्चे डाडा, तिन तले ढुङ्गा, थाम डाडा, डिकुरे, गजथुम्बा डाडा, पन्चकन्या देबीथान, भुल्के सिमसार, पाखीबास सिमसार, जलदेबी सिमसार, इन्द्रेणी झरना, छायोलिङ्ग गुम्बा, पाखीबास कृषि फम, जौटार वनभोज स्थल, तिन दोभाने सामुदायिक वन, शिवालय मन्दिर, जालपादेबी देबीथान र रणनीति सडकहरू मध्ये प्रमुख क्षेत्रहरू समेटी आगामी आ.ब.मा **DPR** तयार गरी पर्यटकिय क्षेत्र विकास गर्ने कार्यको थालनी गरीने निर्णय गरियो ।

२. नगरको मुख्य चौकमा बस विसौनी निमार्ण गरी उक्त ठाउमा सुविधा सम्पन्न **PUBLIC MOBILE CHARGER,** सुझाव पेटिका र नगरपालिकाको बस्तु स्थिति झल्कने फ्लेक्सका साथै नगरपालिका क्षेत्र भित्र भएका ऐतिहासिक पर्यटकीय क्षेत्रमा पुग्न लाग्ने समय उल्लेख भएका बोर्डहरू समेत राखिने निर्णय गरियो । जसको निगरानी सीसी क्यामेराले गर्ने व्यवस्था मिलाईने छ साथै बस बिसौनी र राम्चे डाडामा फ्रि वाई फाई सेवा उपलब्ध गराईने निर्णय गरियो ।

३. **"रातमा पनि झिलिमिली शहर, पाखीबासवासीको रहर"** भन्ने मूल नारालाई स्थापित गर्न सौर्य/सडक बत्ति जडान गर्ने कार्यलाई प्राथमिकतामा राखिने छ । साथै नया बन्ने घरहरूमा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम अनिवार्य **HYBRID** सोलार जडान गर्नु पर्ने नीति अवलम्वन गरीनेछ । सो कार्यको उत्प्रेरणाका लागि घरधनीलाई घरनक्सा पासको राजश्व रकममा १० प्रतिशत छुट दिइने निर्णय गरियो ।

४. आगामी आ.ब.को कामको मुल्यांकन गर्न निश्चित सुचकहरू सहितको कार्य सम्पादन मापन सुचक तयार गरी वडाहरूबाट सम्पादन भएका काममा प्रतिस्पर्धा गराउन तिन वडा वडालाई प्रथम दोस्रो र तेस्रो घोषणा गरी क्रमश रू ५ लाख, ३ लाख र १ लाख प्रोत्साहन अनुदान प्रदान गरीने निर्णय गरियो ।

५. नगरको शिक्षाको गुणस्तरलाई अभिबृद्धि गर्दै शिक्षण सिकाईको प्रभावकारीता साथै साक्षर नगर निर्माणका लागि नगर शिक्षा गुरू योजना तयार गरी कार्यान्वयनमा ल्याईने छ । जस अन्तर्गत स्थानीय सरकारको काम कर्तव्य र अधिकार साथै स्थानीय सरकारलाई स्थानीयवासीले गर्नु पर्ने सहयोग विषय समावेश गरी २० पूर्णाङ्कको पाठ्यक्रम नगर भित्रका सबै संस्थागत र नीजि बिद्यालयमा समावेश गर्नु पर्ने व्यवस्था कार्यान्वयमा ल्याईने निर्णय गरियो ।

६. नगर भित्र रहेको सामूदायिक र संस्थागत विद्यालयहरूको सहभागितामा बार्षिक रूपमा हाजिरी जवाफ, वक्तृत्वकला, गायन प्रतियोगिता लगायतका क्षमता विकास तथा प्रतिभा प्रष्फुटन गर्ने कार्यक्रम संचालन गरीने निर्णय गरियो ।

७. नगर भित्रको सामुदायिक बिद्यालयहरू मध्ये एस ई ई परिक्षामा उत्कृष्ट नतिजा ल्याउने बिद्यालयलाई पुरस्कार स्वरूप रू २ लाख प्रदान गरिने निर्णय गरियो । जसका लागि न्युनतम ८० प्रतिशत बिद्यार्थी उत्तीर्ण भएको हुनु पर्नेछ ।

८. जुनसुकै प्रकारका क्यान्सर, मुटुको भल्भ फेर्ने, मृगौला खराब, अल्जाइमर्स र पार्किन्सन भएको बिरामीलाई नेपाल सरकारले उपलब्ध गराउने औषधी उपचार सहयोगका अतिरीक्त नगरबाट यातायात खर्च स्वरूप प्रति बिरामी बढीमा रू १०,००० (अक्षरेपी दश हजार रूपैया) उपलब्ध गराइने निर्णय गरियो ।

९. **कर्णधारसंग वडाध्यक्ष** कार्यक्रम अन्तगत गर्भ रहे देखि प्रशुति पूर्व नियमित चार पटक गर्भवती परीक्षण गराउने र तालिम प्राप्त स्वास्थ्य कार्यकर्ताबाट प्रशुति गराउने सुत्केरी महिलाको घरमा प्रथा परम्परा

अनुसार सुत्केरी समयमै वडाध्यक्षको नेतृत्वमा स्वास्थ्यको कर्मचारी वडा सचिब सहितको टिमले नबजात शिशु स्याहार सामाग्री र सुत्केरी महिलालाई पोषणयुक्त खानेकुरा (२ सन्तान सम्मलाई) उपलब्ध गराइने निर्णय गरियो ।

१०. नगरपालिकामा कार्यरत कर्मचारीलाई उत्प्रेरीत बनाउदै नगरपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन लामो समय देखी करारमा कार्यारत कर्मचारीहरूको स्थायीत्व, बृत्ति विकास एवम स्वेच्छिक अवकास जस्ता कार्यहरूलाई प्रचलित कानुन बमोजिम **पाखीबास नगरपालिका कर्मचारी प्रशासन विनियम** बनाई व्यवस्थित गर्ने निर्णय गरियो । साथै स्थानीय तहमा जनशक्ति समायोजन भई आईनसकेको हुदा करार सेवाद्धारा नगरपालिकाले आफ्नो सार्वजनिक सेवा प्रवाह गरीरहेको छ । यिनै करार सेवा द्धारा व्यवस्थापन गरीएका जनशक्तिले मूलभूत रूपमा अग्रपक्तिमा बसी कार्य गरीरहेको हुदा अर्को व्यवस्था नभए सम्मकालागि नगरपालिकाले करार सेवा लिएका जनशक्तिलाई निरन्तरता दिइने निर्णय गरियो । उनीहरूको मनोवल उच्च राखि कार्यसम्पादनलाई सेवाग्राही मैत्री बनाउन दण्ड र पुरस्कारको नीति कार्यान्वयनमा ल्याईने छ ।

११. स्थानीय निकाय स्थानीय तहमा रूपान्तरण भए पश्चात स्थानीय सरकारको रूपमा कार्यसम्पादन गर्नुपर्ने अवस्था छ । हाल संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कुल दरबन्दी एकिन भैसकेको भएता पनि सिमित कर्मचारीबाट कार्यसम्पादन गराउनुपर्ने बाध्यता एकातिर छ भने जनप्रतिनिधि द्धारा नेतृत्व गरेका स्थानीय तह र सो अर्न्तगतका कार्यालयहरूबाट छिटो, छरितो, सृजनशिल र फरक ढंगले सेवा सम्पादन हुने कुरा महसुस गराउनु पर्नेछ । यसका लागि उत्प्रेरीत मानव संसाधनले मात्र आवश्यकता पुरा गर्न सक्ने अवस्था हुन्छ । तसर्थ फिल्डमा निरन्तर खटिने, कहिलेकाही खटिने र कार्यालयमा ज्यालादारी र संस्थागत करारबाट सेवा लिएका बाहेकका सबै कर्मचारीलाई मासिक बेतनको एक तृतीयांश सम्म पारितोषिक र नेपाल सरकारले तोके बमोजिमको पोषाक भत्ता र चाडबाड खर्च समेत उपलब्ध गराईने निर्णय गरियो । माथि उल्लेख भए भन्दा बढि काम खटाउनु पर्ने विषेश परिस्थितिमा कर्मचारीहरूको कामका आधारमा प्रमुखले स्वीकृत बजेटको अधिनमा रहि तोके बमोजिम हुनेछ भने फिल्डमा खटिने र कार्यालयमा बिहान बेलुका काम गर्ने सवारी साधन उपलब्ध गराईएका वा भएका कर्मचारीलाई प्रमुख प्रशासकिय अधिकृतले निर्णय गरी स्वीकृत बजेट भित्र रही ईन्धन उपलब्ध गराउने छ ।

१२. पाखीबास नगरपालिकाको १० वटै वडाहरूमा **ONE WARD ONE PRODUCT (OWOP)** कार्यक्रम संचालन गरीने निर्णय गरियो । व्यवसायिक आर्गेनिक खेती गर्ने कृषकहरूलाई नगरपालिकाले तालिम दिने, बिउ बिजन उपलब्ध गराउने एवं प्राविधिक परामर्शका लागि सहयोगी भूमिका निर्वाह गर्नुका साथै बजार व्यवस्थापनमा लागि पहल गर्ने निर्णय गरियो । अर्गानिक उत्पादन प्रमाणित हुने प्रबिधिको बिकास गरी उत्पादित कृषि उपज धरान, इटहरी बिराटनगर लगाएतका नजिकका शहरहरूका आधुनिक ब्यापारिक महलहरू बजारिकरण र समन्वय गर्ने कार्य नगरपालिकाले गर्नेछ ।

१३. दुग्ध उत्पादन कार्यलाई प्रबद्धन गर्न उत्कृष्ट दुग्ध उत्पादक तिनजना कृषकलाई उन्नत जातको बाछी खरिदका लागि रू दश हजारका दरले पुरस्कार प्रदान गरीने निर्णय गरियो ।

१४. व्यवसायिक रूपमा धराने कालो बंगुर पालन गरी निर्यात गर्ने उत्कृष्ट फर्मलाई बार्षिक रूपमा रू पन्ध्र हजार पुरस्कार दिइने निर्णय गरियो ।

१५. व्यवसायिक रूपमा बाखा पालन गरी निर्यात गर्ने उत्कृष्ट फर्मलाई बार्षिक रूपमा रू पन्ध्र हजार पुरस्कार दिइने निर्णय गरियो ।

१६. चालु बर्षमा सबै भन्दा बढी माहुरी पालन गर्ने कृषकको पहिचान गरी प्राबिधिक सेवाका अतिरिक्त २ घार मौरी पुरस्कार स्वरूप आगामी बर्ष उपलब्ध गराइने निर्णय गरियो ।

प्रमुख

१७. न.पा.का वडाहरूलाई रूद्राक्ष, माहुरी र एबोकाडो दुग्ध लगायत को पकेट क्षेत्रको रूपमा बिकास गर्दै लगिने छ । प्रस्तावित पकेट क्षेत्रका गरिब घर परिवार पहिचान गरी गरिबी न्युनिकरणका लागि **गरिबसंग नगरपालिका** कार्यक्रम संचालन गरीने निर्णय गरियो ।

१८. अपांगता भएका नागरिकले भूमि खरिद गर्दा घरबाटो सिफारीसमा लाग्ने दस्तुरमा ३० प्रतिशत छुट दिईने निर्णय गरियो । तर यस्तो छुट लिनका लागि अपांगता परिचयपत्र पेश गर्नुपर्नेछ भने व्यवसायिक कारोबार गर्ने व्यक्तिहरूले उक्त छुट पाउने छैनन् साथै अपांगता भएका नागरिकले तिर्नुपर्ने ब्यवसाय करमा ५० प्रतिशत छुट दिइने निर्णय गरियो ।

प्रमुख